सरावल गाउँपालिका
Sarawal Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

Office Of The Municipality Executive
सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
Sarawal, Nawalparasi (Bardaghat-Susta West)
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या/Ref. no.: ०८२/०८३
चलानी नं./Dispatch no.:

प्रथम पटक सूचना प्रकाशित मितिः२०८२/०९/०८ गते

सरावल गाउँपालिकाको आ.व.२०८२/८३ लागि आवश्यक पर्ने औषधी तथा सर्जिकल सामाग्री खरिद गर्नु पर्ने भएकोले सम्वन्धित इजाजतपत्र प्राप्त इच्छुक व्यक्ति, फर्म, तथा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको १५ (पन्ध्र) दिने विद्युतीय(E-Bidding)शिलबन्दी दरभाउ पत्र आह्वान गरिएको छ ।

१) अद्यावधिक नविकरण गरेको ईजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८१/८२ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपि अथवा म्याद थपको पत्र र निवेदन सहित तोकिएको बोलपत्र दस्तुर रु.१,००० (एक हजार) तिरी (पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र दरभाउदाताले सार्वजनिक अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट Download तथा Upload गर्न सक्ने व्यवस्था गरिएको छ । यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक परासीस्थित आन्तरिक राजस्व खाता ३१००१००३०१०१०००३ मा जम्मा गरेको भौचरलाई बोलपत्र कागजातसाथ Upload गर्नु पर्नेछ । Hard copy कार्यालयमा दर्ता गरिने छैन।
२) दर्ता भएका बोलपत्रहरु १६ औं दिनको १२:३० बजे दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।
३) दरभाउपत्र खरिदको अन्तिम दिन तथा दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट क्रमशः कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
४) बोलपत्रसाथ रु. ४६०००.०० (अक्षेरुपी छयालिस हजार मात्र) रकम यस कार्यालयको परासीस्थित राष्ट्रिय बाणिज्य बैंक लि. को धरौटी खाता नं. ३१००१००३०३००००३ मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको प्रचलित कानूनले तोकेको मान्य अवधि भएको जमानीपत्र (बिडवन्ड) पेश गर्नु पर्नेछ।
५) दरभाउपत्र साथ सम्बन्धित दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, खरिद कार्यबाहीमा आफ्नो स्वार्थ नबाझिएको र पेशा सम्वन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा व्यक्त गरेको स्व-घोषणा कागजातमा हस्ताक्षर गरेको र सहीछाप लगाएको हुनुपर्नेछ ।
६) दरभाउपत्रदाताले दरभाउपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धिकर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ।
७) सारभूत रुपमा प्रभावग्राही दरभाउपत्रहरु मध्ये Item wise रुपमा सवैभन्दा घटी दर कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गरिनेछ।

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

पत्र संख्या/Ref. no.: ०८२/०८३
चलानी नं./Dispatch no.:

८। दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँपालिकालाई हुनेछ। औषधी सप्लाई गर्ने कम्पनीले फर्महरुको नाममा औषधिहरुको छुट्टा-छुट्टै Manufactures Authorization Letter प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

९। रित नपुगेको, म्याद नाघी प्राप्त भएको वा केरमेट भई अंक-अक्षर नवुझिने, दरभाउपत्रदाताको हस्ताक्षर नभएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

१०।औषधि खरिद गर्दा WHO-GMP Certified Company बाट उत्पादित औषधिहरु मात्र खरिद गरिने छ र बोलपत्रको साथमा सोको प्रतिलिपी पेश गर्नुपर्नेछ । बोतलमा सप्लाई हुने औषधिहरु प्लाष्टिक बोतलमा भएको हुनु पर्नेछ र बाँकी औषधीहरु स्ट्रीपमा हुनुपर्नेछ।

११। खरिद हुने औषधिहरुको म्याद सम्वन्धमा उक्त औषधिको यस कार्यालयमा वुझाउदासम्म Manufacturing Date बाट Expiry Date कम्तीमा ७५ प्रतिशत अवधि बाँकी हुनुपर्नेछ। सो भन्दा घटी म्याद भएका औषधिहरु स्वीकार गरिने छैन।

१२। औषधि आपुर्तिकर्ताले आपूर्ति गर्ने औषधिहरुको बोतल तथा स्ट्रीप लगायतका सम्पूर्ण औषधी तथा समाग्रीहरुमा नि:शुल्क वितरणका लागि भन्ने उल्लेख भएको हुनु पर्नेछ।

१३। कबोलदाताले कवोल गरेको दररेटमा तोकिएको परिमाणमा औषधी एकैपटकमा वा बढीमा तीन किस्तामा उपलब्ध गराई सकेपछि पनि चालु आ.व.२०८२/८३ मा यसै शीर्षकका स्वीकृत बजेट भित्रका बोलपत्रबाट घटाघट भई बाँकी रकम बराबरका हकमा कार्यालयलाई थप परिमाण आवश्यकता भएमा सम्झौता बमोजिमकै दररेटमा थप परिमाण औषधि उपलब्ध गराउनु पर्नेछ ।

१४। अन्य हकमा सार्वजनिक खरिद ऐन २०६३, र सरावल गाउँपालिकाको सार्वजनिक खरिद नियामावली २०८१ बमोजिम हुनेछ। थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिने छ।

| क.सं. | बस्तु तथा सेवा खरिद ठेक्का नं. | ठेक्काको किसिम | कामको विवरण | लागत अनुमान रु.(भ्याट बाहेक) | जमानत रकम(रु.) | शिलबन्दी दरभाउ पत्र खरिद दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | 1/SRM/SQ/GOODS/2082/83 | शिलबन्दी दरभाउ पत्र | औषधी तथा औषधीजन्य सामाग्रीहरु खरिद एवं आपुर्ति | १८२६२४५.९१ | ४६०००/- | १०००/- |

........................................
प्रमुख प्रशासकीय अधिकृत

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत